लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, प्युठान

**सवारी साधन भाडामा लिने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८१/१२/०८**

प्रस्तुत विषयमा यस कार्यालयको आ.व. २०८१/०८२ को वार्षिक स्विकृत कार्यक्रम तथा यस कार्यालयको निर्णय अनुसार यस कार्यालयको सम्बृद्धिको लागि वन कार्यक्रम तर्फ स्विकृत वन डढेलो नियन्त्रण कार्यक्रम अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्यमा खटिने सरोकारवालाहरुलाई परिचालन एवं जनचेतनामूलक प्रचारप्रसार र अन्य व्यवस्थापकीय कार्यका लागि डबल क्याप पिकअप सवारी साधन (चालक सहित) भाडामा लिन आवश्यक परेकोले ईच्छुक ट्राभल्स तथा सवारी धनीहरुले यो सूचना प्रकाशन भएको मिती देखि २०८१/१२/१४ गतेभित्र निम्न शर्तहरुको अधिनमा रही ईन्धन बाहेक मासिक रुपमा के कति दररेटमा सवारी साधन भाडामा उपलब्ध गराउन सकिन्छ, यस कार्यालयमा रु. १०/- को टिकट टाँसी निवेदन साथ आवश्यक कागजातहरु पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

व्यक्ति तथा फर्मले पेश गर्नुपर्ने कागजातहरु :

१. व्यक्तिको हकमा :

- नेपाली नागरिकताको प्रतिलिपी ।
- सवारी चालक अनुमतीपत्रको प्रतिलिपी (नवीकरण भएको) ।
- सवारी साधनको ब्लुबुकको प्रतिलिपी (नवीकरण भएको) ।
- सवारी साधनको तेश्रोपक्ष बीमाको प्रमाणित कागजातको प्रतिलिपी ।
- रु. १०/- को टिकट टासी निवेदन ।

२. कम्पनी वा फर्मको हकमा :

- फर्म वा कम्पनी दर्ता, नवीकरण सम्वन्धि कागजातहरुको प्रमाणित प्रतिलिपी १-१ प्रति ।
- करचुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
- सवारी चालकको चालक अनुमतीपत्रको प्रतिलिपी (नवीकरण भएको) ।
- सवारी साधनको ब्लुबुकको प्रतिलिपी (नवीकरण भएको) ।
- सवारी साधनको तेश्रोपक्ष बीमाको प्रमाणित कागजातको प्रतिलिपी ।
- रु. १०/- को टिकट टाँसी निवेदन ।

सवारी साधन भाडामा लिने सम्बन्धी शर्तहरु :

- चालु अवस्थामा रहेको, कच्ची बाटोमा जानसक्ने Double cap Pickup गाडी हुनुपर्ने ।
- गाडीको ड्युटी स्टेशन डिभिजन वन कार्यालय, खलंगा, प्युठानमा रहनेछ । सवारीधनीले सवारी साधन उपलब्ध गराउँदा सवारी चालक सहित उपलब्ध गराउनु पर्नेछ। सवारी चालक प्रचलित कानुन बमोजिम योग्य र कार्यालयले खटाएको बेला र खटाएको स्थानमा जुनसुकै बेलामा खटिन सक्ने हुनुपर्नेछ । चालकलाई आवासको व्यबस्था कार्यालयले गर्नेछ। खानाको व्यबस्था चालक स्वयंले नै गर्नुपर्नेछ ।
- सवारी साधनको ब्लुबुक नवीकरण भएको हुनुपर्ने ।
- खपत हुने इन्धन कार्यालयबाट उपलब्ध गराईनेछ ।